नेपाल सकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरबार, काठमाण्डौं ।

(आन्तरिक व्यवस्थापन शाखा )

पत्र संख्या :- २०७८/०७९

चलानी .नः १०५

मिति २०७८/०४/२९

**बिषय : परिपत्र सम्बन्धमा ।**

श्री स्थानीय तह (महानगरपालिका, उपमहानगरपालिका, नगरपालिका, गाउँपालिका) सबै ।

प्रस्तुत बिषयमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको मिति २०७८/०४/२६ च.नं. प्र.३११/५१९ को पत्रबाट निजामती सेवा दिवसको अवसरमा राष्ट्रसेवक कर्मचारी बृक्षारोपण राष्ट्रिय अभियानको सुरुवात गर्ने प्रयोजनार्थ स्थानीय स्तरमा देहाय बमोजिमको कार्य गर्नु/गराउनुहुन भनि नेपाल सरकार (मुख्यसचिवस्तर) को मिति २०७८/०४/२५ मा निर्णय भएकोले सोही बमोजिम गर्नु/गराउनुहुन अनुरोध छ ।

**देहायः-**

१. आवश्यकता अनुसार सम्बन्धित स्थानीय तहले बृक्षारोपणका लागि सम्बन्धित सरोकारवालाहरुको प्रतिनिधित्व हुने गरी प्रमुख प्रशासकीय अधिकृतको संयोजकत्वमा राष्ट्रसेवक कर्मचारी बृक्षारोपण समन्वय समिति गठन गर्ने,

२. बृक्षारोपणका लागि उपयुक्त स्थान छनौट गर्ने साथै बोटविरुवाको परिमाण र स्रोत पहिचान गरी प्राप्त गर्ने

३. आवश्यक वित्तीय स्रोत सम्बन्धित निकाय/कार्यालयले आफ्नै बजेटबाट व्यवस्थापन गर्ने साथै अपुग बजेट आर्थिक मामिला तथा योजना मन्त्रालयको समन्वयमा व्यवस्थापन गर्ने,

४. सहभागी हुने निकाय तथा व्यक्ति पहिचान गर्ने साथै उक्त अभियानको प्रचारप्रसार गर्ने,

५. आगामी आर्थिक बर्षहरुमा समेत राष्ट्र सेवक कर्मचारी वृक्षारोपण राष्ट्रिय अभियानलाई निरन्तरता दिने ।

दशरथराम औड

उपसचिव

बोधार्थः

श्री सूचना तथा प्रविधि शाखाः वेवसाइटमा अपलोड गर्नुहुन ।